apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
राष्ट्रिय दैनिक समाचारपत्र
● वर्षः १२ ● अंकः २६९ ● पृष्ठः ४ ● २८ असोज २०८३ बुधबार (14 October 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

**सूचना**
विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।
**सम्पर्क नम्बर**
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

# सारस्वरमा नाला निर्माणको गुणस्तरमाथि प्रश्न

## स्थलगत अनुगमन र निर्माण सामग्रीको परीक्षण गर्न स्थानीयको माग, इन्जिनियर भन्छन्- मापदण्डअनुसार काम भइरहेको छ

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**



सिरहा नगरपालिका-१२ सारस्वरमा निर्माण भइरहेको नालाको गुणस्तरमाथि स्थानीयवासीले प्रश्न उठाएका छन्। निर्माणमा प्रयोग भइरहेको सामग्रीको मिश्रण र ढलान प्रक्रियाबारे गुनासो बढेपछि सडक तथा नाला निर्माण योजनाको प्राविधिक मापदण्ड पालनाबारे चासो बढेको हो।

मधेश प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास निर्देशनालय, जनकपुरधामको बजेटमा सञ्चालित उक्त योजनाको ठेक्का काठमाडौंको बानेश्वर-१० स्थित बालकोट बिल्डर्स प्रालिले पाएको छ। कल्याणपुर नगरपालिका-१२ बेल्हाको सिमानादेखि सिरहा नगरपालिका-१२ सारस्वर हुँदै सदरमुकाम सिरहासम्म जोडिने सडक तथा नाला निर्माणको कुल सम्झौता रकम भ्याट तथा पीएससहित १७ करोड ७८ लाख ४२ हजार ७२१ रुपैयाँ १४ पैसा रहेको छ। पूर्वाधार विकास निर्देशनालयका इन्जिनियर संगीतकुमार सिंहका अनुसार ४ किलोमिटर ६६३ मिटर लम्बाइको उक्त योजनाअन्तर्गत हालसम्म करिब एक हजार मिटर नाला निर्माण भएको छ। योजनाको समग्र भौतिक प्रगति भने करिब १० प्रतिशत रहेको उनले जानकारी दिए।

निर्माणाधीन नालामा बालुवा र गिट्टीको मात्रा नापेर मिक्सरमा राख्ने तरिका तथा ढलानका क्रममा भाइब्रेटर प्रयोग भए-नभएको विषयमा स्थानीयवासीले असन्तुष्टि जनाएका छन्। निर्माणस्थलमा काम भइरहेको अवस्थाका केही भिडियोसमेत स्थानीयले उपलब्ध गराएका छन्।

बाँकी पृष्ठ ३ ▸▸

# सिरहामा ९० किलो गाँजा सहित घरधनी पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**



सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-५ कल्याणपुरबाट प्रहरीले ९० किलोग्राम गाँजा सहित एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार राति करिब ११ बजे लागूऔषध गाँजाको बिक्री-वितरण भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहान र इलाका प्रहरी कार्यालय महेशबारीबाट खटिएको संयुक्त प्रहरी टोलीले खानतलासी गरेको थियो।

प्रहरी टोलीले कल्याणपुरस्थित स्थानीय ४३ वर्षीय जगदीश यादवको घरमा खानतलासी गर्दा

बाँकी पृष्ठ ३ ▸▸

# ४० हजार रूपैयाँ बराबरका प्रतिबन्धित पटाका बरामद



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**

सिरहाको बरियारपट्टी गाउँपालिकाबाट प्रहरीले करिब ४० हजार रुपैयाँ बराबरका विभिन्न प्रकारका पटाका बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार दिउँसो करिब १:३० बजे बरियारपट्टी गाउँपालिका-३ स्थित हवल्दार चोकमा खटिएको प्रहरी टोलीले भारतबाट मोटरसाइकलमा बोरामा राखेर ल्याउँदै गरिएका पटाका बरामद गरेको हो।

इलाका प्रहरी कार्यालय बरियारपट्टीबाट खटिएको पिकेट टोलीलाई देखेपछि मोटरसाइकलमा सवार व्यक्ति बोरा फालेर फरार भएको प्रहरीले जनाएको छ। प्रहरीले

बाँकी पृष्ठ २ ▸▸

# सङ्घीयता टिकाउन प्रदेशलाई सक्षम बनाउनुपर्छ : मुख्यमन्त्री यादव




**अपन दैनिक संवाददाता**
**विराटनगर, असोज २७ गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सङ्घीयतालाई बलियो र दिगो बनाउन प्रदेश सरकारलाई अधिकार, वित्तीय स्रोत र आवश्यक जनशक्तिसहित सक्षम बनाउनुपर्ने बताएका छन्।

कोशी प्रदेशको राजधानी विराटनगरमा मंगलबारदेखि सुरु भएको 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन'लाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेशहरूबीचको सहकार्य प्रभावकारी बनाउन प्रदेश सरकारहरू आफैँमा सक्षम हुनुपर्नेमा जोड दिएका हुन्। प्रदेशलाई आवश्यक अधिकार र वित्तीय स्रोत उपलब्ध नगराई सहकार्यको अपेक्षा गर्न नसकिने उनको भनाइ थियो। "साझेदारीले प्रदेशहरूलाई जोड्छ, तर प्रदेश आफैँमा सक्षम नभई सहकार्य टिक्दैन," उनले भने, "हामी अधिकार माग्न मात्र आएका होइनौँ, जिम्मेवारी बहन गर्न पनि तयार छौँ।"

सम्मेलनमा मधेश प्रदेशका तर्फबाट दुईवटा मस्यौदा दस्तावेज प्रस्तुत गर्दै मुख्यमन्त्री यादवले 'अन्तरप्रदेश प्राथमिकताप्राप्त प्रमुख सहकार्य कार्यक्रम' र 'सङ्घीय सरकारसमक्ष पेस गर्ने साझा विषय' समेटिएको जानकारी दिए।

बाँकी पृष्ठ ३ ▸▸

# एक लाखभन्दा बढीले छाडे काठमाडौं उपत्यका

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**



हिन्दुहरूको महान् पर्व बडादसैं मनाउन काठमाडौं उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप दिनहुँ बढ्दै गएको छ। घटस्थापनादेखि मंगलबारसम्म १ लाख ९ हजार ६३६ जनाले काठमाडौं उपत्यका छाडेका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि मंगलबारसम्म १७ हजार १३९ वटा सवारीसाधनमार्फत १ लाख ९ हजार ६३६ जना उपत्यकाबाट बाहिरिएका हुन्।

दसैं नजिकिँदै जाँदा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायका सिलसिलामा काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका नागरिकहरू आफ्नो जन्मथलो फर्किन थालेपछि उपत्यकाका प्रमुख नाकामा यात्रुको चहलपहलसहित चाप बढेको हो।

उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार उपत्यका छाड्ने यात्रुमध्ये ४१ हजार ९४६ जना महिला

बाँकी पृष्ठ ४ ▸▸









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### मेला बन्द होइन, शान्ति सुरक्षा कायम गर

जिल्ला प्रशासन कार्यालय सिरहाले जिल्लाभित्र आयोजना हुने मेला, महोत्सव, जात्रा तथा चाडपर्वका कार्यक्रम राति १० बजेपछि सञ्चालन नगर्न आयोजकलाई आग्रह गरेको छ । शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने, धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल पर्न नदिने र ध्वनि प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले प्रशासनले जारी गरेको सूचनालाई स्वाभाविक रूपमा लिन सकिन्छ। सार्वजनिक शान्ति, नागरिकको सुरक्षा र सामाजिक सद्भाव कायम राख्नु राज्यको अनिवार्य दायित्व हो। तर, शान्ति सुरक्षा कायम गर्ने नाममा नागरिकका गतिविधि सीमित गर्नु र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनु दुई फरक विषय हुन्। त्यसैले सिरहा प्रशासनको पछिल्लो सूचनालाई मेला तथा महोत्सव बन्द गराउने निर्देशनका रूपमा नभई जिल्लाको समग्र सुरक्षा व्यवस्थाको प्रभावकारितासँग जोडेर हेर्न आवश्यक छ। मेला, महोत्सव, जात्रा तथा चाडपर्व नेपाली समाजको सांस्कृतिक पहिचान, सामाजिक एकता र आर्थिक गतिविधिका महत्वपूर्ण आधार हुन्। यस्ता कार्यक्रमले स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण गर्नुका साथै स्थानीय उत्पादनको प्रवर्द्धन, व्यापार व्यवसायको विस्तार र रोजगारी सिर्जनामा समेत योगदान पुऱ्याउँछन्। विशेषगरी ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि मेला-महोत्सव मनोरञ्जनको माध्यम मात्र नभई स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने अवसर पनि हुन्। यस्ता कार्यक्रम व्यवस्थित, मर्यादित र सुरक्षित रूपमा सञ्चालन हुनुपर्छ भन्नेमा दुईमत छैन्। तर, सम्भावित अव्यवस्थालाई नियन्त्रण गर्ने सबैभन्दा सजिलो उपाय कार्यक्रमको समयावधि घटाउनु वा बन्द गराउनु मात्रै हुन सक्दैन्।

जिल्लामा शान्ति सुरक्षा कायम गर्ने प्रमुख जिम्मेवारी जिल्ला प्रशासन कार्यालय र त्यसको मातहतमा रहेका सुरक्षा निकायको हो। नागरिकले निर्धक्क भएर आफ्नो व्यवसाय सञ्चालन गर्न पाउनु, राति अबेरसम्म आयोजित सांस्कृतिक कार्यक्रममा सहभागी हुन पाउनु र सार्वजनिक स्थलमा सुरक्षित रूपमा आवतजावत गर्न पाउनु उनीहरूको स्वाभाविक अपेक्षा हो। राति १० बजेपछि मेला, महोत्सव वा सांस्कृतिक कार्यक्रम सञ्चालन नगर्न निर्देशन जारी गर्नु प्रशासनको अधिकारक्षेत्रभित्र पर्न सक्ला, तर त्यस्तो निर्देशन जारी गर्दैमा जिल्लामा शान्ति सुरक्षा कायम भएको मान्न सकिँदैन्। नागरिकका गतिविधि कति सीमित गरिए भन्ने आधारमा भन्दा नागरिकले कति सुरक्षित महसुस गर्न सके भन्ने आधारमा सुरक्षाको सफलतालाई मापन गरिनुपर्छ। यदि राति १० बजेपछि मेला-महोत्सव सञ्चालन हुँदा सुरक्षा चुनौती उत्पन्न हुन्छ भने प्रशासनले त्यसको कारण पहिचान गरी आवश्यक सुरक्षा रणनीति बनाउनुपर्छ। सम्भावित जोखिमयुक्त क्षेत्रमा प्रहरी परिचालन बढाउने, नियमित गस्ती गर्ने, संवेदनशील स्थानमा निगरानी राख्ने, झैझगडा तथा आपराधिक गतिविधि नियन्त्रण गर्ने र आवश्यकता अनुसार सुरक्षा योजना कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित निकायकै हो। जिल्लाका नागरिकलाई चौबीसै घण्टा सुरक्षा प्रत्याभूत गराउनु प्रशासनको दायित्व हो। केही घण्टाका लागि बजार, मेला वा मनोरञ्जनात्मक गतिविधि बन्द गराएर सुरक्षा चुनौतीबाट पन्छिन खोज्नु दीर्घकालीन समाधान हुन सक्दैन्।

पसल बन्द गराएर, मेला रोकाएर वा सार्वजनिक गतिविधि सीमित गरेर शान्ति सुरक्षा कायम भएको भाष्य स्थापित गर्न खोज्नु उचित हुँदैन्। यस्ता प्रतिबन्धले तत्काल केही गतिविधि नियन्त्रण गर्न सक्लान्, तर त्यसले जिल्लाको समग्र सुरक्षा अवस्था कति सुधारियो भन्ने प्रश्नको उत्तर दिँदैन्। बरु, सुरक्षा व्यवस्थापनमा देखिएका कमजोरी पहिचान गरी तिनको समाधान गर्नु आवश्यक छ। प्रहरीको उपस्थिति, गस्तीको प्रभावकारिता, अपराध नियन्त्रणको अवस्था र नागरिकको सुरक्षासम्बन्धी अनुभूतिलाई आधार बनाएर प्रशासनले आफ्नो कार्यसम्पादनको मूल्यांकन गर्नुपर्छ। यससँगै राति ठूलो आवाजमा डिजे तथा साउण्ड सिस्टम बजाउँदा विद्यार्थी, ज्येष्ठ नागरिक, बिरामी र स्थानीय बासिन्दालाई पर्ने असरलाई बेवास्ता गर्न मिल्दैन्। धार्मिक तथा साम्प्रदायिक सद्भावमा खलल पार्ने गतिविधि, सडक अवरोध, फोहोरमैला व्यवस्थापनमा लापरबाही र कानुनविपरीतका क्रियाकलाप नियन्त्रण गर्नैपर्छ। आयोजकले सम्बन्धित स्थानीय तहबाट अनुमति लिने, आवश्यक सुरक्षा प्रबन्ध मिलाउने र निर्धारित मापदण्ड पालना गर्ने दायित्व पनि पूरा गर्नुपर्छ । जिल्ला प्रशासन कार्यालय सिरहाले राति १० बजेपछि कार्यक्रम सञ्चालन नगर्न दिएको निर्देशनको कार्यान्वयनसँगै जिल्लामा चौबीसै घण्टा शान्ति सुरक्षा कायम रहने विश्वासिलो वातावरण बनाउन तत्काल सक्रियता देखाउनुपर्छ। सुरक्षा व्यवस्थापनको सफलता मेला कति बजे बन्द भयो भन्नेमा होइन, मेला चल्दा होस् वा बन्द हुँदा, नागरिकले आफू सुरक्षित छु भनेर अनुभूति गर्न सके कि सकेनन् भन्नेमा निर्भर हुन्छ। त्यसैले सिरहा प्रशासनले प्रतिबन्धमुखी सोचभन्दा सुरक्षामुखी कार्यशैली अपनाउँदै नागरिकको सुरक्षा, स्वतन्त्रता र सामाजिक जीवनबीच सन्तुलन कायम गर्नुपर्छ। यसमा स्थानीय प्रशासनको सक्रियता चाहिन्छ।

# बालेनको अग्निपरीक्षा



शम्भु श्रेष्ठ



बालेन प्रधानमन्त्री भइसकेपछि उनले सुशासनको लागि चालेका कदम स्वागतयोग्य भए पनि प्रमाण र कानुनबमोजिम कारबाही नहुँदा मुद्दा कमजोर भएको छ । राज्य नागरिकको अभिभावक हो, राज्य नागरिकप्रति पूर्वाग्रही हुनु हुँदैन । कानुनी राज्यमा कानुनभन्दा माथि कोही पनि छैनन्, यदि प्रधानमन्त्रीले आज पदको दुरुपयोग गरेर राज्यलाई हानि नोक्सानी पुऱ्याएको प्रमाण भेटिए, भोलि ऊ पनि जेल जान सक्छ ।

चोलेन्द्रशम्शेर राणा अहिले चर्चाको शिखरमा छन् । मध्यरातमा उनलाई प्रहरीले 'सुरक्षा थ्रेट' भन्दै पक्राउ गरेर छानबिन सुरु गरेपछि उनका अनेकौं 'कनेक्सन' खुल्दै गएको छ। जस्तो कर्म त्यस्तै फल भनेझैं उनी शक्तिमा हुँदा उनले गरेका तमाम कर्तुतहरूको पोल खुल्न थालेको छ।

काठमाडौं महानगरपालिकाको सामान्य जागिरे जीवनबाट सुरु भएको उनको न्यायिक यात्रा सर्वोच्च अदालतको प्रधानन्यायाधीशसम्म कसरी पुग्यो भन्ने कुरा लुकाएर लुकाउन सकिँदैन। प्रधानन्यायाधीश हुनु अपराध होइन, तर उनले प्रधानन्यायाधीश हुँदा जे-जे गरे त्यो अपराध थियो भन्ने कुरा उनीमाथिको महाअभियोगले पुष्टि गर्छ।

यसर्थ, उनी 'रिटायर्ड' भएपछि आरामसँग घर बसेका होलान् भन्ने ठानेका थिए। तर, उनको गिरफ्तारीले उनी चुपचाप घर बसेका थिएनन्, अझै पनि बिचौलिया परिचालन गरेर न्याय क्षेत्रमा चलखेल गर्दै थिए भन्ने कुरा उनीमाथिको पछिल्लो छानबिनले पुष्टि गर्दै लगेको छ।

यस घटनाले बालेन सरकार सुशासनको मामिलामा कडा छन् भन्ने देखिन्छ। 'शून्य सहनशीलता' उनको भाषण होइन, प्रतिबद्धता हो भन्ने कुरा केही घटनाक्रमले देखाउँदै गएको छ। त्यसलाई इमानदारीपूर्वक कार्यान्वयन गर्दै जाने हो भने भ्रष्टाचार नियन्त्रणमा सफलता हासिल गर्न सकिन्छ।

बालेन प्रधानमन्त्री भइसकेपछि उनले सुशासनको लागि चालेका कदम स्वागतयोग्य भए पनि प्रमाण र कानुनबमोजिम कारबाही नहुँदा मुद्दा कमजोर भएको छ । राज्य नागरिकको अभिभावक हो, राज्य नागरिकप्रति पूर्वाग्रही हुनु हुँदैन । कानुनी राज्यमा कानुनभन्दा माथि कोही पनि छैनन्, यदि प्रधानमन्त्रीले आज पदको दुरुपयोग गरेर राज्यलाई हानि नोक्सानी पुऱ्याएको प्रमाण भेटिए, भोलि ऊ पनि जेल जान सक्छ । त्यसैले शक्ति उन्मादमा गरिने निर्णय स्वयं बालेनका लागि पनि घातक हुनसक्छ।

नेपालमा दूधले धोएको मानिस भेट्टाउन गाह्रो छ। अझ राजनीतिक, न्यायिक, सेना, प्रहरी, प्रशासनको कुरा गर्ने हो भने नाक खुम्च्याउनुपर्ने अवस्था छ। व्यवस्था कुनै पनि खराब हुँदैन । व्यवस्थालाई चलाउने मानिसहरू खराब भए भने सिङ्गो व्यवस्थामाथि प्रश्न उठ्छ । हिजो पञ्चहरूले तीस वर्ष लुटे, बहुदलकालमा पनि त्यस्तै भयो। हुँदाहुँदै गणतन्त्र आइसकेपछि पनि नेताहरूले देश लुट्न छाडेनन् भनेरै युवाहरूले भदौ २३ र २४ गते विद्रोह गरेका थिए । त्यो विद्रोहको प्रमुख एजेन्डा नै सुशासन भएको हुँदा बालेन सरकारको ध्यान त्यसमा केन्द्रित हुनु स्वाभाविकै हो । तर, भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम गर्ने नाममा राज्य आतंक खडा गर्नु अराजकता हो। त्यो कुरामा बालेन सरकार सचेत हुनैपर्छ। 'थुन र सुन'को उल्टो प्रक्रिया बन्दै हुनुपर्छ।

मैले यसै स्तम्भमा धेरैपटक लेखिसके- यो ३५ वर्षमा नेपालमा को भ्रष्टाचारी हो भन्दा पनि को भ्रष्टाचारी होइन ? भन्ने गम्भीर प्रश्न खडा भएको छ। यस्तो हुनुको पछाडि जो शक्तिशाली छ, उसमाथि कानुनी कारबाही नभएरै हो। सत्ता र शक्तिमा पुग्न जस्तोसुकै गठबन्धन बनाउन पनि पछि नपर्नुको एउटै कारण 'कालेकाले मिलेर खाम भाले' भनेझैं सत्तामा पुगेर लुट्ने र त्यसबाट जोगिनु हो। विगतका प्रधानमन्त्रीहरूले गरेका नीतिगत भ्रष्टाचारको फाइल खोल्ने हो भने अहिले जीवित पूर्वप्रधानमन्त्रीहरु कोही पनि बाँकी रहने छैनन्।

'बिरालाको घाँटीमा कसले घण्टी बाँध्ने ?' भन्ने कुराले नै आजसम्म उनीहरू जोगिँदै आएका छन् । चोलेन्द्रशम्शेरमाथिको छानबिनले राज्यसत्तासँग जोडिएको विगतको धेरै कुराको पोल खुल्न सक्छ। चोलेन्द्र एक जना पात्र मात्र हुन्। उनीजस्ता प्रवृत्तिका धेरै मानिसहरू अहिले पनि अकूत सम्पत्तिले ढाडिएर बसेका छन्।

प्रधानमन्त्री भइसकेपछि बालेन साहले विगतमा भएको भ्रष्टाचारको छानबिन गर्न समिति पनि गठन नगरेका होइनन्, त्यो पनि सर्वोच्चबाटै तुहियो । उक्त समितिलाई प्राप्त विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएर पनि सम्पत्ति छानबिनको क्रमलाई निरन्तरता दिन सकिन्छ। चोलेन्द्रमाथि पनि अख्तियारमा उजुरी परेको थियो, तर प्रधानन्यायाधीश भएको कारणले मात्र त्यतिबेला उनी कारबाहीबाट जोगिएका थिए। उनी विरुद्धको मुद्दा अहिले पनि अख्तियारको तामेलीमा छ । चोलेन्द्रमाथिको शृंखलाबद्ध छानबिनलाई टुंगोमा पुऱ्याउन सकियो भने सरकारको भ्रष्टाचारविरुद्धको अभियानले सार्थकता पाउनेछ । अन्यथा, 'हात्ती आयो हात्ती आयो फुस्सा' झैं हुनेछ। चोलेन्द्रमाथिको यो अनुसन्धान बालेनका लागि अग्निपरीक्षा बनेको छ।

## गोलबजारमा निःशुल्क स्वास्थ्य शिविर, १९० जनाले लिए सेवा

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**

सिरहाको गोलबजार नगरपालिका-२ मा सञ्चालित एकदिने निःशुल्क स्वास्थ्य शिविरबाट १९० जनाले स्वास्थ्य सेवा लिएका छन्। गरिब, विपन्न तथा दलित समुदायका नागरिकलाई लक्षित गरी वडा कार्यालयको आयोजना र नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा शिविर सञ्चालन गरिएको हो।

शिविरमा स्त्री तथा प्रसूति रोग, हाडजोर्नी, फिजियोथेरापी र जनरल मेडिसिनलगायतका सेवा प्रदान गरिएको थियो । विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा परामर्श दिनुका साथै बिरामीलाई निःशुल्क औषधिसमेत वितरण गरिएको आयोजकले जनाएको छ।

आर्थिक अभावका कारण लामो समयदेखि उपचार गराउन नसकेका



स्थानीय नागरिकले शिविरबाट राहत मिलेको बताएका छन्। उनीहरूले निजी अस्पतालमा उपचार गराउन आर्थिक समस्या हुने भएकाले यस्ता शिविर नियमित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन्।

स्थानीय पवन सदायले आर्थिक अभावका कारण तीन-चार वर्षदेखि ढाड, कम्मर, घाँटी र खुट्टा दुख्ने समस्याको उपचार गराउन नसकेको बताए। निजी अस्पतालमा उपचार गराउन धेरै खर्च लाग्ने भएकाले स्वास्थ्य समस्या सहेरै बस्नुपरेको उनको भनाइ छ। उनले सामान्य शिविरभन्दा पनि विशेषज्ञ चिकित्सकसहितका ठूला स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेमा जोड दिए।

त्यस्तै, कर्जन्हा नगरपालिकाकी फूलकुमारी सदायले पनि आर्थिक अभावका कारण उपचार गराउन नसकिरहेको अवस्थामा निःशुल्क स्वास्थ्य शिविरबाट राहत मिलेको

बाँकी पृष्ठ ३ ▸▸

## ४० हजार रुपैयाँ बराबरका प्रतिबन्धित ...........

उक्त बोरा खोलेर जाँच गर्दा विभिन्न प्रकारका पटाका फेला पारेको थियो।

बरामद पटाकाको अनुमानित मूल्य ४० हजार रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । बरामद सामग्री आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

पटाका ल्याउने व्यक्तिको पहिचान तथा खोजतलास भइरहेको प्रहरीले जनाएको छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## आजको राशिफल

**मेष :** दाम्पत्य जीवनमा आत्मीयता बढ्नुका साथै साझेदारीका कामहरूबाट राम्रो मुनाफा कमाउन सकिनेछ।

**बृष :** शारीरिक तन्दुरुस्ती बढ्ने र दैनिक कार्यहरू सुचारू रूपमा अगाडि बढ्नेछन्।

**मिथुन :** बौद्धिक तथा सिर्जनात्मक क्षमतामा वृद्धि हुने हुनाले विद्यार्थीहरूका लागि समय अत्यन्त अनुकूल छ।

**कर्कट :** पारिवारिक सुखसुविधाका सामाग्रीहरू जोडिने र घरको वातावरण रमाइलो रहनेछ।

**सिंह :** पराक्रम र आत्मविश्वास उच्च रहने हुनाले आँटेका सबै काम सफलतापूर्वक सम्पन्न हुनेछन्।

**कन्या :** आर्थिक स्थिति मजबुत बन्दै गएर संञ्चित धनमा वृद्धि हुनेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ।

**तुला :** तपाईंको आफ्नै राशिमा चन्द्रमाको गोचर रहेकोले मनमा सकारात्मक ऊर्जा र उत्साह भरिपूर्ण रहनेछ।

**वृश्चिक :** अनावश्यक खर्चको मात्रा बढ्न सक्ने भएकाले आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला।

**धनु :** व्यापार व्यवसायमा सोचेभन्दा बढी लाभ मिल्नेछ भने साथीभाइको सहयोगले ठूला योजनाहरू सफल बन्नेछन्।

**मकर :** कार्यक्षेत्रमा उच्च पदस्थ व्यक्तिको सहयोगले नयाँ जिम्मेवारी वा पदोन्नति प्राप्त हुनेछ।

**कुम्भ :** भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यतर्फ विशेष रुचि जाग्नेछ।

**मीन :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# जनकपुरधाममा दशैंको रौनक



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २७ गते**

जनकपुरधाममा दशैंको रौनक छ । यहाँका प्रशिद्ध शक्तिपीठहरू राजदेवी मन्दिर, बौधीमाई, पिडरियामाईलगायतलाई नवदुलहीझैँ सिँगारिएको छ। विशेषगरी राममन्दिर आसपासका शक्तिपीठहरू श्रद्धालु भक्तजनको आकर्षणको केन्द्र बनेका छन् ।

राजदेवी मन्दिरको प्रवेशद्वार सबभन्दा बढी आकर्षक हुन्छन् । राजदेवी मन्दिर र बौधीमाई मन्दिर परिसरमा आयोजित सांस्कृतिक कार्यक्रम तथा विभिन्न खेलतमासाले

बाँकी पृष्ठ ४ ▸▸

## गोलबजारमा निःशुल्क स्वास्थ्य शिविर, १९० जनाले .............

बताए । शिविरमा स्वास्थ्य परीक्षणसँगै औषधिसमेत पाएपछि उपचारमा सहज हुने आशा जागेको उनले बताए ।

यस्ता शिविर समय-समयमा सञ्चालन भए आफूजस्ता विपन्न परिवारलाई ठूलो राहत पुग्ने उनको भनाइ छ ।

अर्की स्थानीय जितनी पासमानले आर्थिक अभावका कारण तीन वर्षदेखि छाती र खुट्टा दुख्ने समस्याको उपचार गराउन नसकेको बताए । निःशुल्क स्वास्थ्य सेवा लिन पाउँदा केही राहत महसुस गरेको उनले बताए ।

स्वास्थ्यकर्मी ध्रुव पासवानका अनुसार शिविरमा ढाड दुख्ने, कम्मर दुख्ने तथा अन्य स्वास्थ्य समस्या भएका बिरामीको परीक्षण र उपचार गरिएको थियो । बालबालिकासहित विभिन्न उमेर समूहका नागरिकलाई आवश्यक स्वास्थ्य परामर्श प्रदान गर्नुका साथै निःशुल्क औषधि वितरण गरिएको उनले बताए ।

गोलबजार नगरपालिका-२ का वडाध्यक्ष सुकदेव सिंहले गरिब, अति विपन्न तथा दलित समुदायका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको बताए । वडा कार्यालयले प्रत्येक वर्ष नागरिकलाई लक्षित गरी विभिन्न स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको उनले जानकारी दिए ।

शिविरमा हाडजोर्नी विशेषज्ञ डा. विनोद सिंह, डा. आनन्द साहलगायत चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा प्रदान गरेका थिए ।

आर्थिक अभावका कारण सामान्य स्वास्थ्य परीक्षणसमेत गराउन नसक्ने नागरिकलाई लक्षित गरी स्थानीयस्तरमा सञ्चालन गरिने यस्ता शिविरले स्वास्थ्य सेवामा पहुँच बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## सिरहामा ९० किलो .....

सेतो बोराभित्र प्लास्टिकमा बेरिएर लुकाइछिपाइ राखिएको गाँजाजस्तो देखिने पदार्थ फेला पारेको जनाएको छ ।

बोरासहित तौल गर्दा उक्त पदार्थ ९१ किलोग्राम र बोरा हटाउँदा ९० किलोग्राम रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले उक्त पदार्थसहित घरधनी यादवलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानमा राखेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## सारस्वरमा नाला निर्माणको गुणस्तरमाथि ..............

तर, इन्जिनियर सिंहले नाला निर्माण निर्धारित प्राविधिक मापदण्डअनुसार भइरहेको दाबी गरेका छन् । उनका अनुसार नाला ढलानमा एम-२० ग्रेडको कंक्रिट प्रयोग भइरहेको छ । यसको निर्धारित मिश्रण अनुपात १:१.५:३ अर्थात् एक भाग सिमेन्ट, डेढ भाग बालुवा र तीन भाग गिट्टी रहेको उनले बताए । ढलानका क्रममा भाइब्रेटरसमेत प्रयोग भइरहेको उनको भनाइ छ ।

स्थानीयवासीले उठाएका प्रश्नबारे प्रतिक्रिया दिँदै सिंहले भिडियोका आधारमा मात्रै निर्माणको समग्र गुणस्तरबारे निष्कर्ष निकाल्न नमिल्ने बताए । यद्यपि, भिडियोमा देखिएअनुसार नै काम भएको भए निर्माण व्यवसायीको कमजोरी हुने उनको भनाइ छ । उनले निर्माण कार्यको समय-समयमा स्थलगत निरीक्षण गर्नसमेत आग्रह गरे ।

योजनाअनसार गाउँबस्ती तथा बजार क्षेत्रमा सडकको चौडाइ १५ मिटर र गाउँबाहिर १० मिटर कायम गरिनेछ । बस्ती क्षेत्रमा सडकको दुवैतर्फ नाला निर्माण गरिनेछ । नाला निर्माणपछि ग्राभेल, सब-बेस, बेस र अस्फाल्ट कालोपत्रेको काम गरिनेछ ।

इन्जिनियर सिंहका अनुसार सडक निर्माणमा सब-बेस र बेसको मोटाइ २०-२० सेन्टिमिटर तथा अस्फाल्टको मोटाइ पाँच सेन्टिमिटर निर्धारण गरिएको छ ।

सम्झौताअनुसार २०८२ चैत २३ देखि २०८४ चैत २२ सम्ममा योजना सम्पन्न गर्नुपर्नेछ । निर्माण व्यवसायीले हालसम्म योजनाबापत कुनै भुक्तानी नपाएको पनि इन्जिनियर सिंहले जानकारी दिए ।

यस विषयमा निर्माण व्यवसायीको प्रतिक्रिया लिन खोज्दा प्रतिनिधिसँग फोन सम्पर्क हुन सकेन ।

सडक तथा नाला निर्माण स्थानीयको दैनिक आवागमन र दीर्घकालीन पूर्वाधारसँग जोडिएकाले निर्माणमा प्रयोग हुने सामग्रीको अनुपात, कङ्क्रिट तयार गर्ने विधि तथा निर्धारित मापदण्डको पालना भए-नभएको निष्पक्ष रूपमा जाँच गर्न आवश्यक देखिएको छ । सम्बन्धित निकायले स्थलगत अनुगमन गरी आवश्यक प्राविधिक परीक्षणबाट प्राप्त नतिजा सार्वजनिक गरेमा आयोजनाको गुणस्तरबारे उठेका प्रश्नको तथ्यपरक निरूपण गर्न सहयोग पुग्नेछ ।

## सङ्घीयता टिकाउन प्रदेशलाई सक्षम बनाउनुपर्छ .............

मधेशलाई कृषिको भण्डार, व्यापारको प्रवेशद्वार र जनकपुरलाई धार्मिक तथा सांस्कृतिक महत्त्वको केन्द्रका रूपमा उल्लेख गर्दै उनले अन्तरप्रदेश साझेदारीलाई सहयोग माग्ने माध्यमका रूपमा नभई साझा समृद्धिको आधारका रूपमा विकास गर्नुपर्ने बताए ।

"साझा समस्याबाट संयुक्त योजना, संयुक्त योजनाबाट सहलगानी र सहलगानीबाट साझा समृद्धि हाम्रो मूलमन्त्र हुनुपर्छ," उनले भने ।

मधेश प्रदेशमा उत्पादन हुने केरा, आँप, लिची, अदुवा र बेसारजस्ता उच्च मूल्यका कृषि उपजको साझा ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन मधेश प्रदेश तयार रहेको उनले बताए । प्रदेशहरूबीच कृषि उत्पादनको बजारीकरण, व्यापार विस्तार र आर्थिक अवसर सिर्जना गर्न सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

पर्यटन प्रवर्द्धनका लागि 'एक यात्रा, अनेक प्रदेश' अवधारणामा काम गर्नुपर्ने प्रस्तावसमेत उनले अघि सारे । जनकपुरधाम, विवाहपञ्चमी र मिथिला कलालाई कोशी प्रदेशका रामधुनी र वराहक्षेत्र तथा लुम्बिनीसँग जोडेर धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट विकास गर्न सकिने उनले बताए । यसबाट प्रदेशहरूबीच पर्यटक आवागमन बढाउनुका साथै स्थानीय अर्थतन्त्रलाई समेत लाभ पुग्ने उनको अपेक्षा थियो ।

सङ्घीयता कार्यान्वयन भएको एक दशक पुग्न लाग्दासमेत प्रहरी समायोजन, निजामती सेवा ऐन, शिक्षा ऐन र स्वास्थ्य सेवा ऐनलगायतका विषय टुङ्गोमा नपुग्दा प्रदेश सरकारको कार्यसम्पादनमा जटिलता उत्पन्न भएको मुख्यमन्त्री यादवले बताए ।

प्रहरीसम्बन्धी कानुनी व्यवस्था भए पनि आवश्यक कानुन, जनशक्ति र सम्पत्ति हस्तान्तरणको प्रक्रिया पूरा नहुँदा प्रदेशले अपेक्षित रूपमा काम गर्न नसकेको उनको गुनासो थियो ।

"प्रहरी ऐन बने पनि आवश्यक कानुन, जनशक्ति र सम्पत्ति हस्तान्तरण नहुँदा खुला सीमा भएको मधेशमा तस्करी र सीमापार अपराध नियन्त्रणमा सोचेजस्तो काम गर्न सकिएको छैन," उनले भने, "सङ्घीय सरकारले तत्काल समायोजन प्रक्रिया टुङ्ग्याउनुपर्छ ।"

प्रदेश सरकारका कार्यालयमा सङ्घीय सरकारले सचिव पठाउने र एउटै कामका लागि सङ्घ तथा प्रदेश दुवैतर्फ छुट्टाछुट्टै संरचना खडा गर्ने अभ्यासले प्रदेशको स्वायत्तता कमजोर बनाएको पनि उनले बताए ।

प्रदेशको कार्यक्षेत्रभित्र पर्ने कामका लागि थप सङ्घीय कार्यालय स्थापना नगर्न र हाल सञ्चालनमा रहेका सम्बन्धित कार्यालय प्रदेश सरकारलाई हस्तान्तरण गर्न उनले सङ्घीय सरकारसँग आग्रह गरे ।

प्रदेशलाई अधिकार, स्रोत र साधन सम्पन्न बनाउँदै अन्तरप्रदेश सहकार्यलाई आर्थिक विकास, पर्यटन प्रवर्द्धन र साझा समस्या समाधानसँग जोड्न सके मात्रै सङ्घीय शासन प्रणाली प्रभावकारी र दिगो बन्ने मुख्यमन्त्री यादवको भनाइ थियो ।







## भूमि प्रशासन कार्यालय, सिरहा

### हकदावी सम्बन्धी ३५ दिने सूचना ।

जिल्ला धनुषा हाल क्षिरेश्वरनाथ न.पा. वार्ड नं. ९ बस्ने चन्दर कुमारी देवीको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेख जग्गामा जिल्ला सिरहा हाल कर्जन्हा न.पा. वार्ड नं. ३ बस्ने शिवलाल साह सुडी मोही रहेको मोहीको धेरै वर्ष पहिला स्वर्गवास भई सकेको र जग्गा मोहीले कहिल्यै खनजोत नगरी म जग्गाधनीले जोत कमोट गरि हक भोग गर्दै रहेको उक्त जग्गाबाट मोही शिवलाल साह सुडी नामको दुषित मोही लगत कट्टा गरी पाउँ भन्ने व्यहोराको जग्गाधनी माग निवेदन अनुसार यो सूचना प्रकाशन गरिएको छ, उक्त जग्गामा कसैको मोही हक लाग्ने भए, सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र भएका प्रमाण कागजात समेत लिई हाजिर हुन आउनु होला अन्यथा कानुन बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारि गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा | वडा नं. | हाल कि. नं. | क्षेत्रफल | जग्गाधनीको नाम | मोही | कैफियत |
|---|---|---|---|---|---|---|
| लबटोली | ५च | २२८ | ०-४-० | चन्दर कुमारी देवी | शिवलाल साह सुडी | |

## भूमि प्रशासन कार्यालय, सिरहा

### हकदावी सम्बन्धी ३५ दिने सूचना ।

जिल्ला सिरहा साविक गा.वि.स. बडहरामाल वार्ड न. ३ हाल कर्जन्हा न.पा. वार्ड नं. ३ बस्ने उमा देवी भट्टराईको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेख जग्गामा जिल्ला सिरहा हाल कर्जन्हा न.पा. वार्ड नं. ३ बस्ने शिवलाल साह सुडी मोही रहेको मोहीको धेरै वर्ष पहिला स्वर्गवास भई सकेको र जग्गा मोहीले कहिल्यै खनजोत नगरी म जग्गाधनीले जोत कमोट गरि हक भोग गर्दै रहेको उक्त जग्गाबाट मोही शिवलाल साह सुडी नामको दुषित मोही लगत कट्टा गरी पाउँ भन्ने व्यहोराको जग्गाधनी माग निवेदन अनुसार यो सूचना प्रकाशन गरिएको छ, उक्त जग्गामा कसैको मोही हक लाग्ने भए, सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र भएका प्रमाण कागजात समेत लिई हाजिर हुन आउनु होला अन्यथा कानुन बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारि गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा | वडा नं. | हाल कि. नं. | क्षेत्रफल | जग्गाधनीको नाम | मोही | कैफियत |
|---|---|---|---|---|---|---|
| लबटोली | ५च | ११२९ | ०-१२-७ | उमा देवी भट्टराई | शिवलाल साह सुडी | |

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# हुँकार मधेशले तोक्यो २१ विभागीय प्रमुख

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २७ गते**



हुँकार मधेशले विभागीय प्रमुखहरूको जिम्मेवारी तोकेको छ।

विभिन्न दलमा आवद्ध रहेका नेताहरूले मधेशमा छुट्टै अभियान चलाउन असोज ९ गते हुँकार मधेशको घोषणा गरेका थिए। उनीहरूले पहिलो चरणमा २१ वटा विभागीय प्रमुखको जिम्मेवारी तोकिएको केन्द्रीय प्रवक्ता केशवकुमार झाले जानकारी दिए।

प्रवक्ता झाका अनुसार प्रमुख हुनको लागि कम्तीमा स्नातक उतीर्ण हुनुपर्ने र विभागीय विज्ञ हुनुपर्ने प्रावधान राखिएको थियो। सोही अनुरुप सबै योग्य व्यक्तिलाई जिम्मेवारी दिइएको उनको भनाइ छ।

अब प्रमुखहरूलाई सात दिनभित्र कार्ययोजना, कार्यविधि र सयदिने कार्यक्रमको कार्यसूचीको खाका बनाई पेश गर्न निर्देशन दिइएको छ। हुँकार मधेशले दशैं लगतै झापादेखि कञ्चनपुरसम्म हुलाकी यात्रा सुरु गर्दै छ।

हुँकार मधेशले सम्वाद तथा समन्वय विभागमा रामकुमार कश्यप, प्रचारप्रसार तथा प्रकाशन विभागमा केशव कुमार, संगठन विभागमा कौशलेन्द्र कौशल, कानुन तथा न्याय विभागमा रत्नेश्वर सनातनी, आइटी तथा कार्य मूल्यांकन विभागमा रोशन कुमार, बौद्धिक तथा पेशाकर्मी विभागमा डा. एनएन भारद्वाज र आर्थिक विभागमा सचिदानन्द यादव प्रमुख तोकिएका छन्।

त्यस्तै, अनुशासन विभागमा राजाराम यादव, प्रशिक्षण तथा नीति अनुसन्धान विभागमा मनोहर मानव, सहकारी, कर्पोरेट तथा उद्यमशीलता विभागमा कृष्ण कुमार, स्वंयसेवी सुरक्षा दस्ता विभागमा उमेश सिंह, युवा तथा विद्यार्थी विभागमा पंकज आनन्द, वैदेशिक रोजगार विभागमा मनिष कुमार र सूचना तथा संचार विभागमा पुष्पा प्रियाले जिम्मेवारी पाएका छन्।

यसैगरी, संघीय मामिला विभागमा मधुमाया यादव, शिक्षा तथा संस्कृति विभागमा इन्द्रजित साफी, उद्योग, व्यापार, वाणिज्य तथा व्यवसाय विभागमा सन्दीप त्रिपाठी, नागरिकता तथा भूमिहीन समस्या समाधान विभागमा अंगद यादव, कृषि विकास तथा अनुसन्धान विभागमा राम किशुन नायक, विज्ञान तथा प्रविधि विभागमा प्रा. विजय महासेठ र शहीद तथा घाइते व्यवस्थापन विभागमा मो. युसुफ साफीलाई विभागीय प्रमुख तोकिएको छ।







# आफूमाथि लागेको आरोपबारे सांसद खगेन्द्र सुनार भन्छन्- एआईबाट बनाइयो



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २७ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले आफ्नो भनेर सार्वजनिक गरिएको अडिओ एआईमार्फत बनाइएको दाबी गरेका छन्।

मंगलबार आफ्नो सामाजिक सञ्जालमार्फत भिडिओ र क्याप्सनमार्फत उनले आफूमाथि लागेको आरोप झुटो भएको दाबी गरे।

उनले प्रहरी भित्र भएको भ्रष्टाचार विरूद्ध प्रश्न गरेपछि आफूमाथि निरन्तर प्रहार भइरहेको बताए। 'प्रहरी भित्रको भ्रष्टाचारविरूद्ध प्रश्न गरेदेखि ममाथि निरन्तर प्रहार भइरहेको छ। विभिन्न आरोप प्रत्यारोपको सिकार भइरहेको छु। हिजोदेखि मेरो हो भनेर कोही काल्पनिक महिलासँगको अडियो सार्वजनिक गरिएको छ,' उनले लेखेका छन्, 'आजसम्म सार्वजनिक भएका सबै आरोपहरू झुटो हुन्। एआई लगायत प्रविधिका प्रयोग गरेर बनाइएका प्रचारहरू हुन्।'

उनले आफूमाथि लागेको आरोपको सत्यतथ्य छानबिन गर्न रास्वपा र सरकारलाई अनुरोध गरेका छन्। उनले अनुसन्धानमा सहयोग गर्ने पनि बताए।

सुनारले एक महिलालाई फोनमार्फत अपशब्द, धम्की लगायत दिएर दुर्व्यहार गरेको भन्दै अडिओ सार्वजनिक भएको छ।

अडिओ सार्वजनिक भएपछि रास्वपाले केन्द्रीय अनुशासन समितिलाई छानबिन गर्न निर्देशन दिएको छ।

पार्टीले सुनारलाई पनि कुनै सार्वजनिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिइसकेको छ।

## जनकपुरधाममा दशैंको ...............

दशैंको रौनक थप बढाएको छ। यहाँ साँझ दिनहुँ भक्तजनको घुइँचो लाग्ने गरेको छ। झिँझियालगायतका नाच प्रदर्शन हुन्छ। गोपाल धर्मशालामा दशैं अर्थात् सस्तो बजार लागेको छ।

जनकपुरधामका मुख्य चोकहरू रामानन्दचोक, मुरलीचोक, भ्रमरपुराचोक, रजौल, देवीचोक, जानकीचोक र वंशीचोकमा कतै शक्तिपीठ त कतै भगवतीका भव्य प्रतिमा स्थापना गरी आकर्षक ढङ्गले सजाइएको छ। चोक-चोकमा निर्माण गरिएका कलात्मक टेन्ट तथा पण्डाल र रातको समयमा झिलिमिली बल्ने रङ्गीबिरङ्गी बत्तीले सहरको सौन्दर्य थप बढाएका छन्।

दशैंका अवसरमा जनकपुरधाममा घटस्थापनादेखि नै १० दिनसम्म विशेष चहलपहल र उत्साह हुन्छ। यस पर्वको रौनक हेर्न तथा शक्तिपीठहरूमा पूजाआजा गर्न टाढाटाढाबाट श्रद्धालु र पर्यटक जनकपुरधाम आउने गर्छन्। स्थानीय युवा संगठनहरूले पनि दशैंलाई भव्य बनाउन महत्त्वपूर्ण भूमिका खेल्दैआएका छन्।

महावीर युवा कमिटी, राम युवा कमिटी र रामानन्द युवा क्लबजस्ता संस्थाले सहरका विभिन्न चोकमा लाखौं रुपैयाँ खर्च गरेर आकर्षक सजावट गरेका छन्। बर्सेनि युवाहरू दशैं आउनुपूर्व नै चन्दा संकलन तथा सर-सजावटमा सक्रिय हुने गर्दछन्।

## एक लाखभन्दा बढीले छाडे काठमाडौं .............

र ६७ हजार ६९० जना पुरुष रहेका छन्।

दसैं मनाउन घर फर्किने क्रमसँगै लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढ्दै गएको उनले बताए।

दसैं मनाउन उपत्यका छाड्ने यात्रुको संख्या बढेसँगै काठमाडौं उपत्यकाका प्रमुख नाकामा सवारीसाधनको आवागमन बाक्लिएको छ। विभिन्न जिल्लातर्फ जाने यात्रु सार्वजनिक बस तथा अन्य सवारीसाधनमार्फत गन्तव्यतर्फ प्रस्थान गरिरहेका छन्।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नागढुङ्गा, फर्पिङ, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुर र भट्टेडाँडालगायतका नाकाबाट यात्रु बाहिरिने क्रम जारी छ। यी नाकामा दसैंका लागि घर फर्किने यात्रुको चाप बढ्दै गएपछि सवारीसाधनको आवागमन व्यवस्थापनमा ट्राफिक प्रहरीले विशेष ध्यान दिएको छ।

दसैंमा परिवार तथा आफन्तसँग भेटघाट गरी पर्व मनाउन उपत्यकाबाट बाहिरिनेको संख्या अझै बढ्ने अनुमान गरिएको छ। चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा गराउने चुनौती पनि थपिएको छ।

दसैं, तिहारलगायत चाडपर्वका समयमा यात्रुको सुरक्षा सुनिश्चित गर्न र सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताए।

उनका अनुसार यात्रुको आवागमन सहज बनाउने, सवारीसाधनको चाप व्यवस्थापन गर्ने र सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सडकमा निगरानी बढाएको छ।

'यात्रुको सुरक्षा र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको छ। हाम्रो उद्देश्य सबैको यात्रा सफल र सुरक्षित होस् भन्ने हो,' उनले भने।

चाडपर्वका समयमा लामो दूरीको यात्रा गर्ने यात्रुले सवारीसाधनको अवस्था, चालकको स्वास्थ्य तथा सवारी चलाउने समयजस्ता विषयमा विशेष ध्यान दिनुपर्ने तथा यात्रु र सवारी चालक दुवैले सावधानी अपनाउँदा सम्भावित दुर्घटना कम गर्न सकिने उनको भनाइ छ।

यातायात व्यवस्था विभागका अनुसार हाल नागढुङ्गा-नौबिसे सडकखण्ड, मुग्लिन-नारायणगढ सडक, कान्ति लोकपथ र बीपी राजमार्गलगायतका प्रमुख सडकमा दुवैतर्फ यातायात सञ्चालन भइरहेको छ।

दसैं मनाउन उपत्यकाबाट बाहिरिने यात्रुको चाप बढिरहेका बेला मुख्य सडकमा यातायात सञ्चालन भइरहेकाले यात्रुलाई आफ्नो गन्तव्यसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ।

यद्यपि, मुख्य नाकामा सवारीसाधनको चाप बढ्दा यात्रा समय लम्बिन सक्ने भएकाले यात्रुले यात्राको योजना बनाउँदा पर्याप्त समय छुट्याउनु उपयुक्त हुने नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौलाले बताए।

उनले भने, 'दसैंका लागि घर फर्किने यात्रुको संख्या बढेसँगै उपत्यकाबाट बाहिरिने सडक तथा सार्वजनिक यातायातमा थप चाप पर्ने देखिएको छ। यस्तो अवस्थामा ट्राफिक नियमको पालना, सुरक्षित गति र यात्रु क्षमताअनुसार सवारीसाधन सञ्चालन भइरहेको छ।'

दसैं नेपालीहरूको प्रमुख सांस्कृतिक तथा पारिवारिक पर्व भएकाले यस अवसरमा देशका विभिन्न भागमा रहेका नागरिक आफ्नो घर फर्किने गर्छन्। उपत्यकामा अध्ययन, रोजगारी र व्यवसायका लागि बसोबास गर्दै आएका नागरिक गाउँघर फर्किन थालेसँगै राजधानीका सडक, बसपार्क तथा बाहिरी नाकामा चहलपहल बढेको जनाइएको छ।

